# स्थानीय राजपत्र

पालुङटार नगरपालिकाद्धारा प्रकाशित

खण्ड ०८) पालुङटार, पुष ३० गते, २०८२ साल (संख्या ०३


पालुङटार नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग १

## पालुङटार नगरपालिकाको कृषि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

**प्रस्तावनाः** नेपालको संविधान बमोजिम खाद्य सम्प्रभुताको हकको संरक्षण गर्दै राज्यले अङ्गिकार गरेको कृषि नीतिमा उल्लेखित किसानको हकहित संरक्षण सम्बर्धन गर्दै स्थानीय संस्कृति तथा परम्परामा आधारित भै कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था, तुलनात्मक लाभहरूको न्यायोचित वितरण र दिगो विकास गर्ने अवधारण अनुरुप कृषि क्षेत्रको विकास, व्यवस्थापन र सुशासन संचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "पालुङटार नगरपालिकाको कृषि ऐन, २०८२" रहने छ ।

(२) यो ऐन नगर सभाबाट पारित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "उप प्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

(ख) "किसान" भन्नाले आफ्नो परिवारका सदस्यकै श्रमबाट आफ्नो वा अरुको जमिनमा काम गरी परिवारको खाद्य आपूर्ति गर्ने परिवारको मूली वा उसको श्रीमान् वा श्रीमतीलाई सम्झनु पर्दछ। आम्दानीका लागि आफ्नो वा अर्काको जमीनमा परिवारका सदस्य बाहेक अरु श्रमिक वा मूलरुपमा यन्त्रको प्रयोग गरी खेती गर्ने व्यक्तिलाई व्यावसायिक किसान सम्झनु पर्दछ। सो शव्दले दफा (२) को खण्ड (घ) बमोजिम खेती गर्ने व्यक्तिलाई समेत सम्झनु पर्दछ।

(ग) "किसान समूह" भन्नाले सरकारी निकायमा दर्ता भएका किसानको समूहलाई सम्झनु पर्दछ।

(घ) "कृषि" भन्नाले अन्नवाली, दलहन, फलफूल, तरकारी, पशुपन्छी तथा मत्स्यपालन, घाँस खेती, मौरीपालन, उच्च मूल्यका कृषि बालीहरु, निजी जग्गामा गरिएका रुख एवं जडिबूटीको खेती तथा उत्पादन र तिनको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरणलाई सम्झनु पर्दछ।

(ङ) "कृषि भूमि" भन्नाले कृषि कार्य गर्न योग्य भनि छुट्टयाएको जमिनलाई सम्झनु पर्दछ।

(च) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्र्गत बनेको नियम, नियमावली, कार्यविधि, मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(छ) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्नेछ।

(ज) "नमुना कृषि फर्म" भन्नाले कम्तिमा ५ रोपनी जमिन भएको उन्नत प्रविधियुक्त कृषि फर्म जसको आम्दानीले कम्तिमा पनि आफ्नो परिवारलाई आत्मानिर्भर बनाउन सक्छ, उक्त फर्मलाई सम्झनु पर्नेछ। सो शब्दले परिच्छेद ५ को दफा १५मा भएका कृषि कार्यहरु एक मात्र वा एक भन्दा बढी गर्ने फर्म दुवैलाई जनाउँछ।

(झ) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ञ) "भू उपयोग" भन्नाले सरकारले बिभिन्न प्रयोजनका लागि वर्गिकरण गरि तोकेको जमिनको उपयोगलाई सम्झनु पर्दछ।

(ट) "भू उपयोग परिषद" भन्नाले भू-उपयोग ऐन, २०७६को दफा १८ बमोजिम गठित परिषदलाई सम्झनु पर्दछ।

(ठ) "मझौला किसान" भन्नाले चारजना भन्दा बढीको परिवारलाई जीविकोपार्जन गर्न पुग्ने १० रोपनी भन्दा माथि ५० रोपनी सम्म कृषि भूमिमा खेती गरेको किसानलाई सम्झनु पर्दछ।

(ड) "व्यावसायिक किसान" भन्नाले ५० रोपनी भन्दा माथि कानूनले कृषि भूमि राख्न पाउने र सो जमिनमा खेती गर्ने किसानलाई सम्झनु पर्दछ।

(ढ) "सभा" भन्नाले नगर सभा सम्झनु पर्दछ।

(ण) "साना किसान" भन्नाले चार जनाको एक परिवारलाई जीविकोपार्जन गर्न पुग्ने बढीमा १० रोपनी सम्म कृषि भूमिमा खेती गरेको किसानलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## किसान र कृषि सम्बन्धी मार्गनिर्देशक सिद्धान्त र नीतिहरु

**३. किसान र कृषि सम्बन्धी मार्गनिर्देशक सिद्धान्तः** यस नगरपालिकाले किसान र कृषि क्षेत्रका सम्बन्धमा देहाय बमोजिमका मार्गनिर्देशक सिद्धान्तहरुको अवलम्बन गरिनेछः-

(क) यस नगरपालिकामा रहेका कृषि तथा खाद्य सम्बन्धी परम्परागत तथा पर्यावरणमैत्री नवीनतम ज्ञान, सीप तथा सांस्कृतिक अभ्यास र पर्यावरणमैत्री कृषि प्रणालीको संरक्षण र प्रवर्द्धन गरिनेछ।

(ख) कृषि क्षेत्र तथा कृषि भूमिमा किसान र भूमिहिन किसानहरुको समेत पहुँच र स्वामित्व सुनिश्चित गरी न्यायपूर्ण आर्थिक अवस्थाको सिर्जना गरिनेछ।

**४. किसान र कृषि सम्बन्धी नीतिः** (१) यस नगरपालिकाले किसान तथा कृषि सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा देहाय बमोजिमको नीति अवलम्बन गरिनेछः-

(क) किसानको कृषि सम्बन्धी रैथाने तथा परम्परागत ज्ञान र खाद्य संस्कृति, कृषिजन्य जैविक विविधता, पर्यावरणीय प्रणाली र प्राङ्गारिक एवं दिगो कृषि विविधतामा आधारित आत्मनिर्भर र खाद्य सम्प्रभुत्तालाई सम्मान गर्ने किसिमको दिगो कृषि प्रणालीलाई प्राथमिकता प्रदान गरिनेछ।

(ख) कृषि क्षेत्रलाई नगरपालिकाले विशेष संरक्षित क्षेत्रको रुपमा पहिचान गरी समग्र किसानहरुको आर्थिक र सामाजिक विकासको लागि आवश्यक पर्ने सेवा र सुविधा प्रदान गरिनेछ।

(ग) किसान, किसान समूह, कृषि सहकारी संस्था र कृषि तथा खाद्य उद्यमीहरुको सहकार्यमा कृषि भूमिको संरक्षण गर्दै र कृषि कार्यलाई एक सम्मानजनक पेशाको रुपमा आत्मसात् गराउनका लागि कृषि क्षेत्रको विकास तथा

व्यावसायीकरणको लागि नगर गौरवका आयोजना सञ्चालन गरी उद्यमशीलता, रोजगारी, आय आर्जन, जीविकोपार्जन, समृद्धि र सामाजिक सुरक्षाका अवसरहरु सिर्जना गरिनेछ।

(घ) किसानलाई कृषि कार्यका लागि आवश्यक पर्ने सबै किसिमका सेवा, सामग्री र प्रविधिमा सहज पहुँचका लागि आवश्यक पर्ने संस्थागत व्यवस्था र स्रोत साधनहरुको प्रवन्ध गरिनेछ।

(ङ) कृषि सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन लगायतका समग्र निर्णय प्रक्रियामा नगरपालिकाका सम्बन्धित प्रतिनिधि सहित किसान एवं किसान समूह र यसका प्रतिनिधिमूलक संघ संस्था र सम्बद्ध नागरिक समाजको पूर्ण र प्रभावकारी सहभागिता प्रवर्द्धन गरिनेछ।

(च) कृषि उत्पादनको वृद्धि, प्रवर्धन र वजारीकरणमा संलग्न कृषक, फर्म, समुह, सहकारी संस्था, विद्यालय, गैर सरकारी संस्था, क्लब, सरकारी निकाय, टोल विकास संस्था लगायतका सरोकारवाला संस्थाहरु संग साझेदारीमा कार्य गरिनेछ।

(२) उपदफा (१) मा उल्लिखित नीतिहरुलाई आवश्यक संस्थागत व्यवस्था र आर्थिक एवं प्राविधिक लगायतका स्रोत साधनहरुको प्रवन्ध गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

## परिच्छेद ३

## कृषि सम्बन्धी आधारभूत विवरण व्यवस्थापन

५. **कृषि तथ्याङ्क सङ्कलनः** (१) नगरपालिकामा रहेका किसान र कृषिका बारेमा देहाय बमोजिमका विवरण सहितको तथ्याङ्क सङ्कलन गरी अभिलेखित गरिनेछः-

(क) किसानहरुको वर्गीकरण अनुसारको परिवार सङ्ख्या र भूमिहिन किसानहरुको विवरण,

(ख) किसान समूह र कृषि सहकारी संस्थाहरुको विवरण र अवस्था,

(ग) सिंचाइ सुविधा पुगेको वा नपुगेको सहित कृषियोग्य भूमिको विवरण र नक्शाङ्कन,

(घ) रैथाने लगायतका मुख्य कृषि उपज, भण्डारण तथा प्रशोधन र बजारीकरण भइरहेका र हुन सक्ने कृषि उपजहरुको विवरण,

(ङ) नगदेवाली, तरकारी र फलफूल खेतीको उत्पादन र सोको बजारीकरणको अवस्था,

(च) पशुपंक्षी तथा मत्स्य पालनको अवस्था तथा विवरण र दुग्ध तथा माछा मासुजन्य उत्पादन र विक्री वितरणको अवस्था,

(छ) रैथाने, परम्परागत र सांस्कृतिक महत्वका खाद्य वस्तुहरुको उत्पादनको अवस्था,

(ज) कृषिजन्य पूर्वाधार (सिंचाइ, शीत भण्डार, कृषि मिल तथा खाद्य प्रशोधन, ढुवानी वा कृषि सडक आदि) को अवस्था,

(झ) कृषि सेवा प्रदायक (कृषि तथा पशुपन्छी सेवा केन्द्र तथा शाखा, कृषि सामग्री र बीउ बीजन, मलखाद वा प्राङ्गारिक मल उत्पादक र सोको वितरण, पशु स्वास्थ्य सेवा, कृषि बीमा, पशु बीमा, वातावरणमैत्री/किटनाशक विषादी आदि) को अवस्था र यसमा किसानको पहुँचको अवस्था,

(ञ) कृषि सेवा प्रदायकहरुको नियमन तथा अनुगमन सम्बन्धी व्यवस्था र सोको कार्यान्वयनको अवस्था,

(ट) कृषि शिक्षा, कृषि प्रचार प्रसार र कृषि स्रोत व्यक्तिहरुको उपलब्धताको अवस्था,

(ठ) कौशि खेती, करेसावारी खेती विस्तारको अवस्था,

(ड) अन्य आवश्यक र महत्वपूर्ण विवरणहरु।

(२) उपदफा (१) बमोजिमका तथ्याङ्क सङ्कलनका लागि नगरपालिकाले कम्तिमा दश वर्षमा एक पटक र आवश्यकता अनुसार अन्य समयमा पनि कृषि तथा पशुपन्छी गणना गर्न सक्नेछ।

६. **कृषि तथ्याङ्कको विश्लेषण र प्रचार प्रसारः** (१) दफा ५ बमोजिमको तथ्याङ्क तथा विवरण तयारी, विश्लेषण र प्रकाशन गर्दा किसानहरुको समेत प्रतिनिधित्व, सहभागिता र सशक्तिकरण हुने गरी सहभागितामूलक विधिको अवलम्बन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको अभिलेखलाई प्रत्येक पाँच वर्षमा एक पटक र आवश्यकता अनुसार समय समयमा अद्यावधिक गर्न सकिनेछ।

(३) कृषि तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गर्ने कार्यमा नेपाल सरकार र प्रदेश सरकारका कृषि तथा पशुपन्छी सम्बन्धी कार्यालय, कृषि सहकारी संस्था र कृषि उद्यमी तथा कृषि व्यावसायीको सहयोग लिन सकिनेछ।

(४) नगरपालिकाले कृषि तथा किसानका सम्बन्धमा आवधिक योजना तर्जुमा गर्दा कृषि सम्बन्धी उपलब्ध तथ्याङ्कलाई आधार मान्नु पर्नेछ।

(५) नगरपालिकाले उपलब्ध कृषि तथ्याङ्कको नियमित रुपमा प्रचार प्रसार गरी किसान र सम्बन्धित सरोकारवालाको सहज पहुँच हुने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद ४

## किसान पहिचान, वर्गीकरण, संरक्षण र सशक्तिकरण सम्बन्धी व्यवस्था

७. **किसानको पहिचानः** (१) नगरपालिकाले कृषि कार्यमा संलग्न किसानको तोकिए बमोजिम गणना गरी पहिचान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका किसानलाई उपदफा (८) बमोजिमको आधारमा वर्गीकरण गरी किसान परिचयपत्र प्रदान गर्नु पर्नेछ।

८. **किसानको वर्गीकरणः** (१) नगरपालिकामा रहेका भूमिहिन किसान, सिमान्तकृत किसान, पारिवारिक खेतीको रुपमा निर्वाहमूखी कृषि कार्य गर्दै आएका साना किसान, मध्यम किसान र अन्य कृषि पेशा तथा व्यवसाय गर्दै आएका ठूला तथा व्यावसायिक किसानलाई जीविकोपार्जन र कृषि क्षेत्रको दिगो विकास हुने गरी वर्गीकरण गरिनेछ।

(२) किसानको वर्गिकरण तथा सूचीकरण सम्बन्धी आधार र सूचक तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम परिचयपत्र प्राप्त किसानलाई पालुङटार नगरपालिकाबाट अनुदान, सहुलियत, सेवा तथा सुविधा प्रदान गर्न सकिनेछ।

९. **किसान समूह गठन र सञ्चालनः** (१) नगर वा टोलस्तरमा रहेका किसानले आफ्नो सामूहिक हित र क्षमता विकासका लागि निश्चित क्षेत्रका हरेक किसान परिवारबाट प्रतिनिधित्व हुने गरी किसान समूह गठन र सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन गरिएको किसान समूह लाई पालुङटार नगरपालिकामा दर्ता गर्नु पर्नेछ र प्रत्येक दुई वर्षमा नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालनमा रहेका किसान समूहलाई नगरपालिकाले आवश्यक सेवा सुविधा प्राप्तिका लागि सहजीकरण गर्न र सिफारिस प्रदान गर्न सक्नेछ।

(४) दर्ता भई दुई वर्षसम्म निष्कृय रहेका वा अनुदान रकम र अन्य सुविधा दुरुपयोग गर्ने किसान समूहलाई कार्यपालिकाको निर्णयबाट दर्ता खारेज गर्न सकिनेछ। तर यसरी दर्ता खारेज गर्नुपूर्व सात दिनको समय दिई सुनुवाईका लागि मौका दिइनेछ।

(५) किसान समूह दर्ता, नविकरण, खारेजी तथा समूह सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **कृषि तथा पशुपन्छी सहकारी संस्थाः** कृषि तथा पशुपन्छी सहकारी संस्थाको दर्ता, सञ्चालन र नियमन सम्बन्धी व्यवस्था नगरपालिकाको सहकारी सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

११. **किसानको संरक्षण र सशक्तिकरणः** (१) नगरपालिका क्षेत्रभित्रका सबै किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि वार्षिक र आवधिक रुपमा योजना र कार्यक्रम तर्जुमा गरी सम्बन्धित किसान वा किसान समूह वा यस्ता समूहका सञ्जाल वा कृषि सहकारी संस्था वा कृषि फर्म र कृषि सम्बन्धी लघु उद्यम तथा घरेलु उद्योग, टोल विकास संस्था मार्फत कार्यान्वयन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका योजना तथा कार्यक्रम तर्जुमा गर्दा लक्षित वर्गका किसानको आवश्यकतालाई विशेष प्राथमिकता प्रदान गर्नु पर्नेछ।

(३) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि उपलब्ध स्रोत, साधन र क्षमताका आधारमा देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः

(क) भूमिहिन किसान तथा सिमान्तकृत किसानलाई आफै कृषि कार्य नगर्ने व्यक्तिका जग्गा जमिन वा नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिका र अन्य कुनै संघ संस्थाले उपलब्ध गराएका तथा प्रयोग गर्न दिएका जग्गा निश्चत् अवधीका लागि सम्झौता गरी भाडामा लिई कृषि कार्य गर्न पाउने अवस्था सिर्जना गर्न भुमी बैंक मार्फत सहजीकरण गर्ने।

(ख) अधिया वा बटैया खेती प्रणालीको अनुगमन र नियमन गर्ने।

(ग) कृषि श्रमिकले कृषि कार्य गरे वापत पाउने पारिश्रमिक र सेवा सुविधा निर्धारण गरी दैनिक रुपमा पारिश्रमिक पाउने कुराको सुनिश्चतता गर्ने।

(घ) कृषि प्रसार, सेवा, सामग्री र प्रविधिमा किसानको पहुँच सुनिश्चतताका लागि आवश्यक पर्ने क्षमता विकासका कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने।

(ङ) कृषि सम्बन्धी क्षमता विकासका कार्यक्रममा भूमिहिन र सिमान्तकृत किसान, गरिब तथा विपन्न किसान, कृषि श्रमिक, महिला किसान र कृषि कार्यमा आश्रित आदिवासी जनजाति, दलित परिवार, अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई प्राथमिकता प्रदान गर्ने।

(च) किसान तथा किसान समूहले पाउने सेवा, सुविधा, वस्तु, प्रविधि, छुट, सहुलियत, अनुदान आदि वास्तविक किसानले समयमा नै पाउने किसिमको संस्थागत प्रवन्ध गर्ने।

(छ) किसानका कृषि तथा खाद्य उत्पादनको उचित बजार मूल्य पाउने गरी कृषिजन्य उत्पादनको बजार सूचना प्रणाली बनाई सूचना प्रवाह र प्रचार प्रसार गर्ने।

(ज) किसानहरुलाई सङ्गठित हुने अवसर सिर्जना गर्नका लागि किसान समूह तथा कृषि सहकारी संस्था गठन र दर्ता एवम् नवीकरण प्रकृया सरल बनाई सहजीकरण गर्ने र कृषि कार्यक्रमहरु किसान समूह मार्फत सञ्चालन गर्न प्राथमिकता प्रदान गर्ने।

(झ) सामुहिक खेती गरी कृषि उत्पादन बढाउनका लागि अतिरिक्त सेवा सुविधा प्रदान गर्ने।

(ञ) नगरपालिकालाई कृषि उपज, दुग्ध पदार्थ, अण्डा तथा मासुजन्य उत्पादन तथा खाद्य प्रशोधनमा अत्मनिर्भर बनाई बाह्य क्षेत्रमा समेत आपूर्ति गर्नमा सक्षम बनाउने।

(ट) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणमा निरन्तर योगदान गर्ने र व्याक्तिगत उत्पादन समेत बढाउने किसान लगायतका व्याक्ति वा संघ संस्थालाई पारदर्शी र निष्पक्ष मूल्याङ्कनका आधारमा सम्मानित वा पुरस्कृत गर्ने प्रणाली स्थापना गर्ने।

## परिच्छेद ५

## कृषियोग्य जमिनको वर्गीकरण, संरक्षण र उपयोग सम्बन्धी व्यवस्था

**१२. भूमिको वर्गीकरणः** (१) नगरपालिकाले नेपाल सरकारको भू-उपयोग ऐन, २०७६ समेतलाई आधार मानी भू-बनोट, क्षमता, उपयुक्तता, मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा कृषि भूमिको संरक्षण र सदुपयोग हुनेगरी आफ्नो क्षेत्रभित्रको भूमिलाई सामान्य नक्शाङ्कन सहित देहाय बमोजिमको भू-उपयोग क्षेत्रमा वर्गीकरण गर्नेछः-

(क) कृषि भूमि

(ख) आवासीय क्षेत्र

(ग) व्यावसायिक क्षेत्र

(घ) औद्योगिक क्षेत्र

(ङ) खानी तथा खनिज क्षेत्र

(च) वनक्षेत्र

(छ) पानी मुहान, नदीनाला र ताल तलैया, सीमसार क्षेत्र

(ज) सामुदायिक, सार्वजनिक उपयोग र खुला तथा चरण क्षेत्र

(झ) साँस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र

(ञ) निर्माण सामग्री उत्खनन क्षेत्र (ढुङ्गा, बालुवा, गिट्टी)

(ट) नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र

(२) उपदफा (१) बमोजिम गरिएको भूमिको वर्गीकरणलाई सम्बन्धित क्षेत्र स्पष्ट हुने गरी सो को विवरण स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ र सोको सूचना सार्वजनिक रुपमा नगर कार्यपालिकाको कार्यालयमा र प्रत्येक वडा कार्यालयले समेत प्रकाशन गर्नु पर्नेछ।

(३) भूमिको वर्गीकरण र भू-उपयोगका बारेमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सबैको जानकारीका लागि विभिन्न सञ्चार माध्यमबाट समेत प्रचार-प्रसार गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम जुन प्रयोजनका लागि भूमिको वर्गीकरण गरिएको छ, सोही प्रयोजनका लागि उपयोग गर्नु पर्नेछ र कृषि भूमि व्यवस्थापन समिति वा स्थानीय भू-उपयोग परिषद् गठन भएको अवस्थामा उक्त परिषद्को अनुमति नलिई कृषि भूमिलाई अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन।

**१३. कृषि प्रवर्द्धन तथा व्यवस्थापन समितिः** (१) नगरपालिका क्षेत्र भित्र रहेको कृषियोग्य जमिनको संरक्षण र व्यवस्थापन गर्दै दिगो कृषि प्रवर्द्धन गर्न देहाय बमोजिमको एक कृषि प्रवर्द्धन तथा व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख | - अध्यक्ष |
| (ख) उप-प्रमुख | - उपाध्यक्ष |
| (ग) आर्थिक विकास समितिका संयोजक | - सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ङ) कृषि सञ्जालको अध्यक्ष वा प्रतिनिधि | - सदस्य |
| (च) कृषि सम्बन्धी स्थानीय विज्ञहरु मध्येबाट कार्यपालिकाले मनोनयन गरेको प्रतिनिधि १ जना | - सदस्य |
| (छ) कृषि सहकारी संस्थाहरुले छनौट गरेको प्रतिनिधि | - सदस्य |
| (ज) यस समितिले मनोनयन गरेको कृषि उद्यमीहरु मध्येबाट एकजना महिला सहित २ जना | - सदस्य |
| (झ) पशु सेवा शाखा प्रमुख | - सदस्य |
| (ञ) कृषि विकास शाखा प्रमुख | -सदस्य सचिव |

(२) समितिले कृषि सम्बन्धी विज्ञ तथा अन्य सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधिलाई आफ्नो बैठकमा आमन्त्रण गर्न र राय सुझाव लिन सक्नेछ।

(३) समितिको आवश्यकता अनुसार विभिन्न समयमा बैठक आयोजना गर्न सकिनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको सचिवालय नगरपालिकाको कृषि विकास शाखामा रहनेछ।

१४. **कृषि प्रवर्द्धन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : (१) कृषि प्रवर्द्धन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाका क्षेत्रभित्र रहेको कृषियोग्य जमिनको दिगो व्यवस्थापन र सदुपयोगको लागि किसानको समेत सहभागितामा कृषि सम्बन्धी रणनितिक योजना र कार्यक्रम तर्जुमा गर्ने गराउने।

(ख) नेपाल सरकार र प्रदेश सरकारबाट लागू गरिएका नीति तथा कानून कार्यान्वयनमा सहकार्य गर्ने।

(ग) कृषियोग्य भूमिको खण्डीकरण हुनबाट रोक्न र कृषियोग्य जमिनको चलायमान गरी कृषि उत्पादन बढाउन आवश्यक नीति तय गर्ने।

(घ) कृषियोग्य जमिनमा कृषि उत्पादन गर्न, किसानका लागि आवश्यक सेवा सुविधा उपलब्ध गराउन र कृषि तथा खाद्य उत्पादनको बजारिकरणका लागि आवश्यक पर्ने विविध कृषि पूर्वाधार निर्माणका लागि योजना तर्जुमा गरी विभिन्न तह र सम्बद्ध निकायमा सिफारिस तथा परामर्श प्रदान गर्ने।

(ङ) वन क्षेत्र बाहेक अन्य प्रयोजनमा रहेको जग्गालाई आवश्यकता अनुसार कृषियोग्य जमिनमा परिणत गर्नु पर्नेको लागि स्थानीय भू-उपयोग परिषदमा सिफारिस गर्ने।

(च) किसानको क्षमता विकास, हकहित संरक्षण र कृषि क्षेत्रबाट समृद्धिका लागि किसान सम्बद्ध नागरिक समाज र संघ संस्था तथा निजी क्षेत्रसँग समेत समन्वय तथा सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने गराउने।

(छ) खाद्यका लागि कृषि र तुलनात्मक लाभका कृषिउपजको व्यावसायिक उत्पादन बढाउन आवश्यक अध्ययन, अनुसन्धान, जनशक्ति निर्माण र प्रसार सेवालाई प्रभावकारी बनाउने।

(ज) भूमिहीन र सिमान्त तथा साना किसानको कृषि भूमिमा पहुँच अभिवृद्धि गर्न अन्य आवश्यक कार्य गर्न गराउनमा सहजीकरण गर्ने।

(झ) नगरपालिका भित्रको कृषि योग्य जमिनलाई बाँझो नराखी निरन्तर खेती गर्न प्रोत्साहन गर्ने गरी आवश्यक उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरी कृषि योग्य जमिन बाँझो नरहने अवस्था सृजना गर्ने।

**१५. कृषि कार्यः** (१) यस ऐनको प्रयोजनका लागि देहाय बमोजिमका कार्यलाई कृषि कार्यको रुपमा लिइनेछः

(क) स्थानीय तथा रैथाने लगायतका विभिन्न अन्नवाली सहितका खाद्यान्न बालीको उत्पादन।

(ख) फलफूल, तरकारी, दलहन, तेलहन, चिया कफी तथा मसलाजन्य बस्तु, च्याउ लगायतका नगदेवालीको खेती।

(ग) रैथाने लगायत विभिन्न पशु, पन्छी, माछा तथा मौरी पालन।

(घ) उखु, फूल, रेशम, अग्रिसो, बाबियो, बेत, बाँस तथा रबरखेती।

(ङ) जडीबुटी खेती, घाँस उत्पादन र बीउ-विजन विरुवा उत्पादन तथा कृषि वन सञ्चालन।

(च) कृषि कार्यका लागि आवश्यक पर्ने दाना, मलखाद, जैविक विषादी, कृषि औजार आदिको उत्पादन।

(छ) प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी जङ्गल र जलाशय खेती गरी उत्पादन गरिने अन्य उपभोग्य बस्तुहरु।

(ज) पशुपन्छी तथा मत्स्य पालनका लागि आहारा उत्पादन तथा प्रशोधन कार्य।

(झ) पशुपन्छी तथा मत्स्य उत्पादनहरु प्रशोधन गर्ने उद्योगहरु जस्तैः डेरी, वद्यशाला, मासुपसल।

(ञ) खण्ड (क) देखि (झ) सम्म गरिएका कृषि कार्यबाट उत्पादित वस्तुहरुको भण्डारण, प्रशोधन, बजारीकरण।

(ट) कृषि उद्योग स्थापना तथा सञ्चालन।

**१६. कृषि भूमिको संरक्षणः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पहिचान भएका कृषि भूमिको संरक्षणका लागि देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नेछः

(क) कृषि भूमिलाई कृषि बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नमा निरुत्साहित गर्ने।

(ख) कृषि भूमिको उर्वरता शक्ति घटाउने, माटोको गुणस्तर ह्रास हुने, कृषि जैविक विविधता नष्ट हुने तथा मानव स्वास्थ्य, पशुपन्छी र जलचर लगायतका प्राणीलाई गम्भीर असर गर्ने खालका रासायनिक मल वा विषादी प्रयोगलाई निरुत्साहित गर्ने।

(ग) प्राङ्गारिक मलको प्रयोग र पर्यावरणमैत्री कृषिलाई प्रवर्द्धन गरी जैविक कृषि उत्पादन बढाउन प्रोत्साहन गर्ने।

(घ) बहुवर्षिय र चक्रिय बाली लगाई भूमिको उत्पादकत्वमा वृद्धि ल्याउन सहयोग गर्ने।

(ङ) कृषि भूमिलाई बाढी पहिरो तथा नदी कटानबाट जोगाउन क्षयीकरण नियन्त्रण, पानीको उपयुक्त निकास, तटबन्ध तथा गल्छी निर्माण, भिरालो जमिनमा गराखेती र आवश्यकता अनुसार कृषि वन प्रणाली अवलम्बन गर्नका लागि सहयोग र प्रोत्साहन गर्ने।

(च) कृषि जमिन क्षति हुने गरी सञ्चालन गरिने विकास आयोजनालाई स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसारका कार्य गर्न लगाई क्षति भएको कृषि जमिनको पुनर्स्थापना गर्न लगाउने।

(छ) कृषि कार्यका लागि जमिनको चक्लाबन्दी गराउन र कृषि जमिन बाझो नराखी नियमित रुपमा खेती गर्नका लागि प्रोत्साहन गर्ने।

(ज) कृषि भूमि संरक्षणका लागि आवश्यक स्रोत साधन सहित आवधिक रुपमा बजेट विनियोजन गरी संरक्षणका कार्यक्रम सञ्चालन गर्ने।

१७. **विपद् तथा महामारीः** (१) कृषि तथा पशुपन्छिको क्षेत्रमा कुनै रोग, किरा वा बाढी पहिरो लगायतका दैवी प्रकोपबाट कुनै किसानको कृषि कार्य तथा व्यवसायमा क्षति भएमा उक्त कृषि भूमिको उकासका लागि विपद घोषणा गरी वा नगरी सम्बन्धित किसानलाई नगरपालिकाबाट प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ।

(२) नगरपालिका भित्र पशुपन्छी तथा मत्स्यमा कुनै माहामारी जन्य रोग देखिएमा नगरपालिकामा उक्त रोग नियन्त्रण गर्न किसानलाई प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

१८. **कृषि भूमिको उपयोगः** (१) आफ्नो कृषियोग्य भूमिमा जग्गावाला आफैले कृषि कार्य गर्न नसक्ने वा नगर्ने व्यक्तिले सो को जानकारी सम्बन्धित वडा कार्यालय वा नगरपालिकालाई गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त हुन आएमा जग्गावालाको भूस्वामित्वमा कुनै असर नपर्ने गरी उक्त जग्गालाई नगरपालिकाले आवश्यक निर्णय गरी भाडामा लिई भूमिहीन किसान, सिमान्त किसान, कृषि श्रमिक, किसान समूह, किसान, सूचिकृत बेरोजगारबाट समेत खेती गराई उत्पादनको विक्रि गरी नगरपालिकाले आम्दानी बाँधी कृषि उत्पादन बढाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) कृषियोग्य जमिन भएका व्यक्ति तथा परिवारले करार गरी आफ्नो जमिन अन्य किसान परिवार, व्यक्ति, किसान समूह तथा संस्थालाई भाडामा दिँदा लिन पाउने भाडादर तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम भाडादर निर्धारण गर्दा जग्गाको उर्वरा शक्ति, सिंचाइ सुविधा तथा सम्बन्धित जग्गाको पहुँचमा रहेका कृषि पूर्वाधार र सुविधा समेतको आधारमा निर्धारण गर्नुपर्नेछ र यस्तो भाडादर कृषि जमिनको सुविधा अनुसार फरक हुन सक्नेछ।

(५) बाँझो जग्गामा गरिने खेतीलाई प्रभावकारी बनाउन कार्यपालिकाले भुमि बैंक सम्बन्धी आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

१९. **करार खेती सम्बन्धी व्यवस्थाः** (१) कृषि योग्य जमिनमा आफैं खेती गर्न नसक्ने जग्गा धनीले त्यस्तो जमिन करार खेती गर्न इच्छुक किसान वा किसान समूहलाई खेती गरी कृषि उत्पादन गर्न वा पशुपन्छी तथा जलचर पालनका लागि करारमा उपलब्ध गराउन सक्नेछ।

(२) जग्गा भाडामा लिने किसान वा किसान समूहले त्यस्तो भाडामा लिएको जग्गामा हानी नोक्सानी पुर्याउने तथा जमिनको कृषि उत्पादनशीलता घटाउने किसिमका कार्यहरु गर्न गराउन पाइने छैन र भाडामा लिएको कृषि जमिनको प्रयोगमा कुनै परिवर्तन गर्नु परेमा जग्गाधनीको स्वीकृति लिनु पर्नेछ।

(३) सरकारी निकाय वा सङ्घ संस्थाले भाडामा वा अन्य रुपमा कृषि कार्यका लागि किसानलाई उपलब्ध गराएको जमिन सम्बन्धित निकाय वा सङ्घ संस्थाको अनुमति नलिई कृषि कार्य बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन।

२०. **सार्वजनिक कृषियोग्य भूमिको उपयोगः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै उपयोगमा आउन नसकी खाली रहेको र कृषि प्रयोजनका लागि उपयुक्त रहेको सार्वजनिक जमिनलाई उक्त जमिनको स्वामित्व रहेको निकाय वा संस्था र किसानबीच न्यूनतम भाडा लिने दिने शर्तमा करार गरी कृषि प्रयोजनका लागि किसान, समूह वा सहकारीलाई उपलब्ध गराउन समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कृषि जमिनको न्यूनतम भाडा दर भाडा दर निर्धारण समितिले तोके बमोजिम हुनेछ।

२१. **भाडा दर निर्धारण समितिः** भाडा दर निर्धारणको लागि तपसिल बमोजिमको एक समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | उपप्रमुख | - संयोजक |
| (ख) | आर्थिक विकास समिति संयोजक | - सदस्य |
| (ग) | आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |

(घ) घरनक्सा तथा आवास शाखा प्रमुख - सदस्य

(ङ) पुर्वाधार शाखा प्रमुख - सदस्य

(च) पशु सेवा शाखा प्रमुख - सदस्य

(छ) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

२२. **सामुहिक खेतीः** (१) नगरपालिका क्षेत्रभित्र कुनै समूह वा सहकारी संस्थाले सामुहिक खेती गर्ने गरी जमिन उपलब्ध गराउन अनुरोध गरेमा कृषि प्रवर्धन तथा व्यवस्थापन समितिले आवश्यक जमिनको खोजी गरी जमिन उपलब्ध गराउन सक्नेछ।

(२) सामुहिक खेतीबाट प्राप्त लाभको बाँडफाँड उक्त खेतीमा संलग्न किसानको आपसी सम्झौता बमोजिम हुनेछ।

(३) निजी जमिनलाई पूर्ण वा आंशिक रुपमा चक्लाबन्दी गरी सामुहिक खेती गर्न चाहने किसान समूह, कृषि सहकारी संस्था वा अन्य कुनै सामुदायिक संस्थालाई आवश्यक पर्ने विद्युत, सिंचाइ र कृषि सडक सहित भण्डारण र आवश्यक औजार तथा उपकरणहरुमा समेत कार्यपालिकाको निर्णय बमोजिमका सुविधाहरु प्रदान गर्न सकिनेछ।

## परिच्छेद ६

## सिंचाइ, बीउ बीजन, मलखाद तथा किटनाशक विषादी सम्बन्धी व्यवस्था

२३. **सिंचाइको प्रवन्ध गर्नेः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका खेतीयोग्य कृषि भूमिमा सतह सिंचाइ, भूमिगत सिंचाइ वा लिफ्ट सिंचाइ वा अन्य प्रविधिको प्रयोग गरी आवश्यकता अनुसार सम्भावित क्षेत्रमा सिंचाइको प्रवन्ध गर्न सक्नेछ।

(२) सिंचाइको सुविधा उपलब्ध नभएका खेतीयोग्य जमिनमा सिंचाइ सुविधाको प्रवन्ध गर्नका लागि नगरपालिकाको लगानी बाहेक थप स्रोत साधन आवश्यक पर्ने देखिएमा प्रदेश सरकार र संघिय सरकारसँग समन्वय र सहकार्य गरी सिंचाइ सेवाको प्रवन्ध गरिनेछ।

(३) सम्बन्धित निकाय र किसान समूह वा सिंचाइ जल उपभोक्ता संस्थाबीचको साझेदारी वा संयुक्त व्यवस्थापनमा सिंचाइ प्रणालीको स्थापना र सञ्चालन गर्ने सकिनेछ र यस सम्बन्धी अन्य व्यवस्था साझेदारीपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

(४) सतह सिंचाइ सञ्चालन हुन नसक्ने कृषि भूमिमा विद्युतबाट लिफ्ट सिंचाइ वा अन्य प्रविधि तथा सीप विकास गरी आकाशे पानी सङ्कलन गरी वा भुमिगत पानी निकाली वैकल्पिक सिंचाईको व्यवस्था गर्न सक्नेछ।

(५) सिंचाइका लागि बिद्युतीय तथा सौर्य उर्जाको प्रयोगलाई प्रवर्द्धन गर्नु पर्नेछ।

(६) भूमिहीन किसान, सिमान्त तथा साना किसान, महिला किसान तथा कृषिमा निर्भर दलित किसानले लिफ्ट सिंचाइका लागि प्रयोग गर्ने कृषि मिटरमा उठेको वा अन्य विद्युत महशुल नियम अनुसार नगरपालिकाले अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछ।

(७) सिंचाइ प्रयोजनका लागि स्थापना गरिएका सौर्य उर्जा प्रणालीबाट उत्पादित विद्युतलाई नेपाल विद्युत प्राधिकरण वा अन्य कुनै निकाय वा सङ्घ संस्था वा व्याक्तिलाई विक्री गर्न सकिनेछ।

२४. **बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको उपलब्धताः** (१) नगरपालिकाले कृषिका लागि आवश्यक पर्ने बीउ बीजन स्थानीय स्तरमा नै उत्पादन गरी भण्डारण गर्नका लागि किसानलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग एवं सीप उपलब्ध गराउन र यसका लागि सम्भाव्यताका आधारमा खाद्यान्न बाली तथा रैथाने बीउ बीजन उत्पादन पकेट क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) नगरपालिकाले स्थानीय किसानको बीउ बीजन उत्पादन, भण्डारण र प्रयोग सम्बन्धी परम्परागत ज्ञानको अभिलेख गरी नेपाल सरकार तथा प्रदेश सरकारका जीन बैंक र किसान समूहका सामुदायिक बीउ बैंक समेतको समन्वयमा रैथाने उन्नत बीउ बीजन र सो सम्बन्धी परम्परागत ज्ञानको संरक्षण र सदुपयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नेछ।

(३) नगरपालिकाले आफ्नो क्षेत्र भित्र आवश्यक बीउ बीजन तथा रैथाने बालीको प्रवर्द्धन गर्नको लागि बीउ पैंचो तथा बीउ पूँजी कोषको स्थापना गर्न आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(४) नगरपालिकाले कृषिका लागि आवश्यक पर्ने मलखाद आपूर्तिका लागि प्राङ्गारिक मल उत्पादन र उपयोग गर्नका साथै जैविक किटनाशक विषादीको उत्पादन र उपयोगमा प्राथमिकता दिने गरी आवश्यक स्रोत साधन, प्रविधि र स्थानीय जनशक्तिको व्यवस्था गर्न सक्नेछ।

(५) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यक पर्ने थप बीउ बीजन, मलखाद तथा किटनाशक वा रोगनाशक विषादी उत्पादन तथा आयात गरी कृषि तथा पशु शाखा, वडा कार्यालय वा कृषि सहकारी तथा किसान समूह वा नगरपालिका मार्फत भण्डारण र वितरण गर्ने प्रवन्ध गर्न सक्नेछ।

(६) अनुदानको रासायनिक मल विक्री वितरण गर्नको लागि नगरपालिकाले वितरक कम्पनीबाट मल प्राप्त गर्ने गरी डिलरसिपको सिफारिस प्रदान गर्न सक्नेछ र सो सिफारिसको दस्तुर आर्थिक ऐनमा तोके बमोजिम हुनेछ।

(७) अनुदानको रासायनिक मल विक्रेता संस्थाहरुले नगरपालिकाले तोकेको दरमा प्राप्त कोटा अनुसारको मल यथासिघ्र उठाई आफ्नो कार्यक्षेत्र भित्रका सम्पुर्ण किसानलाई

न्यायोचित हुने गरी वितरण गर्नु पर्नेछ अन्यथा नगरपालिकाले डिलरसिप खारेजीको लागि सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(८) मानव तथा पशुपन्छी र जलचरको स्वास्थ्यमा असर पार्ने र कृषि उत्पादनशीलतामा ह्रास ल्याउने खालका तथा मान्यताप्राप्त निकायबाट प्रमाणीकरण नगरिएका र प्रयोग नगर्नु नगराउनु भनी प्रतिबन्ध लगाइएका बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको विक्रि वितरण तथा प्रयोग गर्न गराउन पाइने छैन। यदि सो कार्य गरेमा प्रचलित कानुन बमोजिम सजाय हुनेछ।

(९) किसानहरुमा रासायनिक मल तथा किटनाशक विषादीलाई निरुत्साहित गर्दै जैविक विषादी तथा प्राङ्गारिक खेती प्रविधिलाई प्रोत्साहन हुनेगरी नगरपालिकाबाट विभिन्न सेवा सुविधा, अनुदान र प्रविधि उपलब्ध गराउन सकिनेछ।

(१०) बीउ बीजनका लागि सेवा सुविधा, अनुदान र सहयोग उपलब्ध गराउँदा वा कार्यक्रम सञ्चालन गर्दा बालीजन्य बीउ बीजन र घाँस बाली गरी दुबै किसिमका बीउ बीजन उत्पादन र वितरणलाई महत्व दिनु पर्नेछ।

(११) नगरपालिकाले बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको अनाधिकृत तथा मनोमानी खरिद बिक्रीमा नियन्त्रण गर्नका लागि आवश्यक प्रविधिको समेत प्रयोग गरी नियमित रुपमा बजार अनुगमन गर्न सक्नेछ।

(१२) उमारशक्ति नभएको वा फलफूल लाग्न नसक्ने किसिमको बीउ बीजन विक्री वितरण गरेको कारणले किसानलाई कुनै हानी नोक्सानी तथा क्षति हुन गएमा उक्त क्षति वापत त्यस्तो बीउ बीजन उत्पादन तथा आपूर्ति गर्ने व्यक्ति वा फर्मले प्रभावित किसानलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

२५. **सामुदायिक बीउ बैंक स्थापना गर्न सकिनेः** (१) नगरपालिका क्षेत्रभित्र रहेका किसान समूहले स्थानीय स्तरमा एकल वा सामूहिक रुपमा पर्यावरण र जलवायुमैत्री किसिमको सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न चाहने किसान समूहलाई नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ र यसका लागि सम्बन्धित सङ्घ संस्था र बीउ बीजन व्यावसायीबाट समेत आवश्यक सहयोग लिन सकिनेछ।

(३) सामुदायिक बीउ बैंकका माध्यमबाट रैथाने बीउ बीजनको पहिचान, अभिलेख तथा सूचीकरण, प्रचार प्रसार र प्रयोगका लागि उत्प्रेरणा प्रदान गर्नुका साथै स्थानीय किसानको रैथाने बीउ बीजनसम्बन्धी परम्परागत ज्ञान एवं प्रथाजनित अभ्यासको अभिलेख तयार गरी राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अभिलेखको एकप्रति नगरपालिकामा समेत अभिलेखका लागि उपलब्ध गराउनु पर्नेछ।

(५) सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ७

## कृषि सम्बन्धी सूचना, प्राविधिक ज्ञान र सीप सम्बन्धी व्यवस्था

२६. **कृषि सिकाई केन्द्र स्थापना गर्न सकिनेः** (१) नगरपालिकाले कृषि कार्यका लागि प्रविधि र प्राविधिक जनशक्ति सहितको कृषि सिकाइ केन्द्र स्थापना गर्न सक्नेछ।

(२) कृषि विकास तथा पशु सेवा शाखाले कृषि सिकाई केन्द्रमार्फत किसानलाई कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक प्राविधिक सहयोग र प्रविधि तथा सूचना प्रवाह गर्न सक्नेछ।

२७. **कृषि सम्बन्धी सूचनामा पहुँचः** (१) कृषि सम्बन्धी सूचनामा किसानको सहज पहुँचका लागि नगरपालिकाले कृषि सूचना केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट किसानले पाउन सक्ने सेवा तथा सुविधाका बारेमा स्थानीय एफएम रेडियो वा अन्य उपयुक्त सञ्चार माध्यममा कृषि प्रसार कार्यक्रम प्रशारण गर्न सकिनेछ।

(३) कृषि सम्बन्धी सूचनामा किसानको पहुँचका लागि प्रचार प्रसार गर्दा किसान समूहका सञ्जाल मार्फत र स्थानीय मातृभाषामा प्रचार प्रसार गर्न प्राथमिकता दिईनेछ।

(४) कृषि तथा पशुपन्छी सेवाको प्रचार प्रसारलाई प्रभावकारी बनाउन, कृषि तथा पशुपन्छीका लागि आकस्मिक सेवा प्रदान गर्न र कृषि क्षेत्र र पशुपन्छीलाई प्राकृतिक प्रकोप, जलवायुजन्य जोखिम र महामारीबाट बचाउनका लागि नगरपालिकामा कल सेन्टरको स्थापना र सञ्चालनका साथै मौसम लगायतका विषयमा कृषि परामर्श सेवा तथा मोबाइल एप जस्ता आधुनिक प्रविधि र सूचना प्रणालीको उपयोग गर्न प्राथमकिता दिईनेछ।

२८. **कृषि सञ्जाल सम्बन्धि व्यवस्थाः** (१) नगरपालिकाले कृषि तथा पशुपन्छी सम्बन्धी सूचना प्रसार गर्नको लागि कृषि विकास शाखा र पशु सेवा शाखाको अधिनमा रहने गरेर एक नगर स्तरिय कृषि सञ्जाल गठन गर्न सक्नेछ।

(२) कृषि सञ्जाल परिचालन तथा व्यवस्थापन गर्न कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

२९. **कृषि सम्बन्धी प्राविधिक ज्ञान तथा सीप वृद्धिः** (१) किसानको जीविकोपार्जनका साथै व्यवसायिक रुपमा प्रवर्द्धन गर्नका लागि नगरपालिकाले आफै वा विभिन्न निकाय र परियोजनाको समन्वयमा प्रत्येक वडा कार्यालयमा कृषि तथा पशुपन्छी प्राविधिकको व्यवस्था गर्न सक्नेछ।

(२) नगरपालिकाले किसानलाई सामुहिक रुपमा प्राविधिक ज्ञान र सीप विकासका लागि आफै वा सेवा प्रदायक संस्थाको माध्यमबाट समुदायस्तरमा नियमित रुपमा तालिम सञ्चालन गर्न सक्नेछ।

(३) नगरपालिकाले कृषि विकास तथा पशुपन्छी र जलचर पालनका क्षेत्रमा उपलब्ध वातावरणमैत्री आधुनिक यन्त्रहरुमा किसानलाई सुपथ र सरल रुपमा पहुँच बढाई यान्त्रीकरण गर्न प्रोत्साहन गर्नेछ।

(४) प्रत्येक वडामा स्थानीय किसान समूह, कृषि सहकारी संस्था वा स्थानीय कृषि फर्म वा वडा कार्यालय आफैले कम्तिमा एक वटा नमुना कृषि फर्म स्थापना र सञ्चालन गरी उक्त फर्ममार्फत किसानलाई आवश्यक तालिम सञ्चालन गर्न प्रोत्साहन गर्न सकिनेछ।

(५) नगरपालिकाले कृषि मूल्य श्रृङ्खलामा आवद्ध कृषि व्यावसायी र कृषि उपज उत्पादक किसानबीच स्वच्छ समन्वय र सहकार्य विकास गर्नेछ।

३०. **कृषक पाठशाला, किसान चौतारी स्थापना गर्न सकिनेः** (१) नगरपालिकाले किसानको लागि कृषि सम्बन्धी प्राविधिक ज्ञान, सीप र क्षमता विकासको निमित्त कृषक पाठशाला स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) नगरपालिकाले कृषि तथा पशुपन्छी र जलचर पालन सम्बन्धमा किसानले हासिल गरेका अनुभव र परम्परागत एवं आधुनिक ज्ञान एक आपसमा आदान प्रदान गर्ने र नियमित रुपमा किसान सम्वाद आयोजना गर्ने उद्देश्यले गाउँ वा टोलस्तरमा किसान चौतारीको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(३) कृषक पाठशाला, किसान चौतारी, प्लान्ट क्लिनिक, माटो शिविर, पशुपन्छी स्वास्थ्य शिविर र कृषि सिकाई केन्द्रको क्षमता विकासका लागि संघ, प्रदेश वा जिल्ला स्तरका कृषि तथा पशुपन्छी हेर्ने कार्यालय मार्फत सहयोग लिन सकिनेछ।

(४) नगरपालिकाले कृषक समूह र अन्य कृषि सरोकारवालासँगको समन्वयमा किसानलाई उपयुक्त हुने स्थानमा कृषि संग्रहालय स्थापना गर्न सक्नेछ।

(५) नगरपालिकाले किसानलाई उत्प्रेरित गर्न समय समयमा कृषि पशुपन्छी प्रदर्शनी तथा व्यापार मेला आयोजना गर्न सक्नेछ।

(६) नगरपालिकाले स्थानीय स्तरमा रहेका कृषि स्रोत व्यक्तिहरुको अभिलेख राखी उनीहरुको सीप र क्षमताका आधारमा कृषि स्वयमसेवकको रुपमा कृषि विकासका लागि परिचालन गर्न सक्नेछ।

## परिच्छेद ८

## कृषि व्यावसाय प्रवर्द्धनका लागि वित्तीय प्रोत्साहन सम्बन्धी व्यबस्था

**३१. कृषि विकास समितिको गठन :** (१) नगरपालिकामा कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि नगर स्तरिय कृषि विकास समितिको गठन गरिनेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) | नगर कार्यपालिकाले तोकेको एक जना कार्यपालिका सदस्य | सदस्य |
| (ग) | योजना शाखा प्रमुख वा प्रतिनिधी | सदस्य |
| (घ) | पशु सेवा शाखा प्रमुख | सदस्य |
| (ङ) | कृषि विकास शाखा प्रमुख | सदस्य |

(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित शाखाको शाखा प्रमुख सदस्य सचिव रहनेछ।

**३१ . समितिको काम कर्तव्य र अधिकार :** (१) दफा ३० बमोजिम गठन भएको कृषि विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वार्षिक स्वीकृत कार्यक्रम अनुसार लाभग्राही छनौटको मापदण्ड बनाई सार्वजनिक सूचना प्रकाशन गर्ने।

(ख) कार्यक्रम बमोजिम लाभग्राही छनौट तथा मूल्याङ्कन गर्नु पर्ने कार्यमा आवश्यक समन्वय र सहजीकरण गर्ने।

(ग) कार्यक्रम छनौट प्रक्रियालाई पारदर्शी, निष्पक्ष, प्रभावकारी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त बनाउन आवश्यक भूमिका निर्वाह गर्ने।

(घ) नगरपालिका क्षेत्र भित्र छनौट भई सञ्चालनमा आएका कार्यक्रमहरुको अनुगमन गर्ने।

(ङ) कार्यक्रमहरु सञ्चालन गर्दा आइपर्ने समस्याहरु समाधान गर्न आवश्यक निर्णय गर्ने।

(च) नगरपालिका अन्तर्गत रहेका किसान, किसान समुह, फर्म, कृषि सहकारी तथा अन्य निकायसँग समन्वय गरी समग्र कृषि तथा पशुपन्छी क्षेत्रको विकास गर्ने।

(छ) वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यकता अनुसार माथिल्लो निकायमा आवश्यक पहल गर्ने।

(ज) सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी सो को प्रतिवेदन नगरपालिकामा पेश गर्ने।

**३२. कृषि फर्म स्थापना र सञ्चालनः** (१) नगरपालिकाले कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायीकरणका लागि कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्न चाहने किसान, किसान समूह, पशुपालक समूह, कृषि सहकारी संस्था वा अन्य व्यावसायिक किसानलाई आवश्यक सहजीकरण गर्नेछ।

(२) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्दा भूमिहिन किसान, सिमान्तकृत किसान, साना किसानको हितलाई ध्यान दिनु पर्नेछ र किसानको भूमिमाथिको अधिकारमा प्रभाव नपर्ने कुरा सुनिश्चत गर्नु पर्नेछ।

(३) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनले तोकेका वातावरणीय दायित्व पुरा गर्नुका साथै सामाजिक तथा सांस्कृतिक क्षेत्रमा नराकारात्मक प्रभाव पार्न पाइने छैन।

(४) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालनका लागि प्रचलित कानून बमोजिम उद्योग वा कम्पनीको रुपमा दर्ता हुनु पर्ने भए सम्बन्धित निकायमा दर्ता भई नगरपालिकामा फर्मको व्यावसाय दर्ता वा अभिलेखिकरण गरेको हुनु पर्नेछ।

(५) प्रचलित कानुन बमोजिम दर्ता भएका फर्महरू वार्षिक रुपमा नगरपालिकामा तोकिएको दस्तुर दाखिला गरी नविकरण गर्नु पर्नेछ।

(६) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३३. किसानलाई अनुदान र सुविधा दिन सकिनेः** (१) नगरपालिकाले कृषि कार्यमा संलग्न किसानलाई देहाय बमोजिमको कृषि अनुदान, सुविधा र सहलियत प्रदान गर्न सक्नेछः

(क) नगरपालिकालाई कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनमा आत्मानिर्भर बनाउन कृषक, कृषक समूह, सहकारी, फर्महरुलाई पशुपालन, गोठ/खोर सुधार, पशुपन्छी उपचार, कृषि तथा पशुपन्छी बिमा, कृषि तथा पशुपन्छी उत्पादन प्रशोधन केन्द्र आदि स्थापना र सञ्चालनको लागि अनुदान, सुविधा र सहुलियत प्रदान गर्न सक्नेछ।

(ख) प्राङ्गारिक कृषि गर्ने पद्धतीलाई प्रोत्सहान गर्न अनुदान, सुविधा र सहुलियत प्रदान गर्न सक्नेछ।

(ग) कृषि उत्पादनको लागी उत्पादन सामाग्री जस्तैः बीउ विजन, बेर्ना, पशुबस्तु, माछा भुरा, घार, औजार तथा उपकरण, प्राङ्गारीक मल, कृषि चुन आदिमा अनुदान, सुविधा र सहुलियत प्रदान गर्न सक्नेछ।

(घ) व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने ढुवानी साधन, हाट बजार, संकलन केन्द्र र शित भण्डारण केन्द्र आदिका लागि अनुदान, सुविधा र सहुलियत प्रदान गर्न सक्नेछ।

(ङ) कृषि कार्यका लागि महिलामैत्री यन्त्र, उपकरण र बजार व्यवस्थापनमा अनुदान, सुविधा र सहुलियत प्रदान गर्न सक्नेछ।

(च) अन्य अत्यावश्यक अनुदान तथा सुविधाहरु प्रदान गर्न सक्नेछ।

(२) स्थानीय कृषि वस्तु तथा पशुपन्छीजन्य उत्पादनमा उल्लेखनीय योगदान गर्ने किसानलाई निश्चित् परिमाणको कृषि वस्तु तथा पशुपन्छी उत्पादन पश्चात् अनुदान प्रदान गर्ने गरी उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) अनुदान कार्यक्रमलाई प्रभावकारी बनाउन र एकरुपता कायम गर्न आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

**३४. कृषि ऋणमा पहुँचः** (१) नगरपालिकाले किसानलाई कृषि व्यवसाय प्रवर्द्धनको लागि लगानी गर्न आवश्यक पर्ने रकम सहुलियत व्याजदरमा प्राप्त हुनेगरी कृषि ऋण उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थामा सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा ध्यान दिनु पर्ने विषय र सिफारिसका आधारहरु तोकिए बमोजिम हुनेछ।

(३) किसानलाई कृषि ऋण उपलब्ध गराउने प्रयोजनका लागि बैंक तथा वित्तिय संस्थाले सञ्चालन गरेका सुहलियत योजना बारे नगरपालिकालाई पूर्व जानकारी गराउनु पर्नेछ।

**३५. कृषि बाली तथा पशुपन्छी बीमाः** (१) नगरपालिकाले सम्बन्धित बीमक निकायको नियम अनुसार किसानले कृषि बाली वा कृषि उपज तथा पशुपन्छी र जलचरको बीमा सहज रुपमा गर्न सक्ने अवस्था सिर्जना गर्नका लागि आवश्यक समन्वय गर्न सक्नेछ।

(२) बिमा कम्पनीले नगरपालिकासँगको समन्वयमा बीमा कार्यका लागि प्रमाणपत्र प्राप्त गरेका अभिकर्ताको परिचालन गरी कृषि बाली तथा पशुपन्छी र जलचरको बीमा गर्ने कार्य गर्न सक्नेछ र यसरी बीमा कार्यक्रम सञ्चालन गर्दा बीमा विषयमा किसानले बुझ्ने गरी प्रचार प्रसारको व्यवस्था समेत मिलाउनु पर्नेछ।

(३) कृषि तथा पशुपन्छी बीमाको अभिलेख बीमा कम्पनीले नगरपालिकालाई वार्षिक रुपमा उपलब्ध गराउनु पर्नेछ।

(४) किसान तथा बिमा कम्पनीबीच बिमा सम्बन्धी कुनै विषयमा विवाद उत्पन्न भएमा विवाद समाधानका लागि नगरपालिकाले समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

(५) कृषि तथा पशुपन्छी बीमा अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३६. नगर गौरबका आयोजनाः** (१) नगरपालिकाले कृषिको व्यवसायिकरण तथा उद्यमशिलता विकासको लागि तपसिल बमोजिमका कार्यक्रमलाई नगर गौरवका आयोजनाको रुपमा प्राथामिकिकरण गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(क) दुग्ध तथा मासुमा आत्मानिर्भर कार्यक्रम,

(ख) बहुउद्देश्यीय कृषि प्रवर्धन कार्यक्रम,

(ग) कृषि सडक, संकलन केन्द्र तथा कृषि पुर्वाधार बजार निर्माण तथा सञ्चालन,

(घ) रैथाने बाली संरक्षण तता प्रवर्धन कार्यक्रम,

(ङ) सिंचाई गुरुयोजना,

(च) पर्यटकिय तथा धर्मिक क्षेत्र विकास आयोजना ।

## परिच्छेद ९

## कृषि उत्पादनको वर्गीकरण, भण्डारण तथा प्रशोधन सम्बन्धी व्यवस्था

**३७. कृषि उत्पादनको वर्गीकरणः** नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कृषि उत्पादनलाई देहाय बमोजिम हुनेगरी वर्गीकरण गर्नेछः

(क) अन्न बालीः सबै प्रकारका अन्न बालीहरु

(ख) तरकारी बालीः च्याउ लगायत सबै प्रकारका तरकारी बालीहरु

(ग) फलफूल बालीः सबै प्रकारका फलफूलहरु

(घ) जरेबालीः तरुल, पिडालु, शखरखण्ड, कन्दमूल लगायतका बालीहरु

(ङ) तेलहनः सबै किसिमका तेलहन बालीहरु

(च) दलहनः सबै किसिमका दलहन बालीहरु

(छ) पशुजन्य उत्पादनः गाईगोरु, भैंसी, खसी, बाख्रा, वंगूर, भेडा लगायत सबै प्रकारका घरपालुवा पशुहरु

(ज) दुधजन्य उत्पादनः सबै प्रकारका दुधजन्य उत्पादनहरु

(झ) मासुजन्य उत्पादनः मासु खान हुने विभिन्न घरपालुवा पशुपन्छीको मासु

(ञ) पक्षींजन्य उत्पादनः मासु, अण्डा, बीउ तथा मलका लागि कुखुरा, हाँस लगायतका सबै प्रकारका घरपालुवा पक्षींहरु

(ट) व्यवसायिक किटजन्य उत्पादनः रेशम खेती सम्बन्धि प्रकारका उत्पादनहरु

(ठ) माछापालनः मासु तथा भूरा उत्पादनका लागि सबै प्रकारका माछाहरु

(ड) मौरी पालनः मह, मौरीघार र मौरी संग सम्बन्धित सबै प्रकारका उत्पादनहरु

(ढ) फूल खेतीः नगरपालिका क्षेत्रभित्र र बाहिर समेत आपूर्ति हुने सबै प्रकारका फूल (पुष्प) खेतीबाट उत्पादित फूलहरु

(ण) मसलाजन्य उत्पादनः नगरपालिका क्षेत्रभित्र उत्पादन हुने सबै प्रकारका मसलाहरु

(त) जडिबुटीः निजी जग्गा र वन क्षेत्रबाट उत्पादन तथा सङ्कलन हुने सबै प्रकारका जडिबुटीहरु

(थ) नगदेवालीः चीया, कफी, अलैची, उँखु, जुट आदी

(द) नर्सरीका उत्पादनहरुः विभिन्न विधिबाट उत्पादित सबै प्रकारका विरुवाहरु

(ध) अन्डरयुटिलाईजड बालीहरुः कम वा अल्प रुपमा प्रयोग गरिएको र रैथाने बालीहरु

(न) प्रशोधित उत्पादनहरुः क देखि ध सम्मका कृषि उत्पादनको प्रशोधित बस्तुहरु

**३८. कृषि उपजको भण्डारण र प्रशोधनः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उपजको भण्डारण तथा प्रशोधनका लागि शीत भण्डार, चिस्यान केन्द्र, सङ्कलन केन्द्र, भण्डारण कक्ष, प्रशोधन केन्द्र लगायतका भौतिक पूर्वाधार निर्माण गरी किसानले सहुलियत दरमा उपयोग गर्न आफैले वा वहालगिरीमा लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पूर्वाधार निर्माण र सञ्चालनका लागि नगरपालिकाले अन्य सरकारी निकाय वा एकल वा कृषि सहकारी संस्था वा किसान समूहसँग संयुक्त लगानी गरी व्यवस्थापन गर्न सक्नेछ।

(३) कृषि उपजको प्रशोधन तथा भण्डारण लगायतका पूर्वाधारको उपयोग बापत लाग्ने शुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादित कृषिजन्य कच्चा पदार्थको औधोगिक क्षेत्रमा निर्यात गर्नका लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

(५) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यकता र सम्भाव्यता अनुरुपको कृषि उत्पादन केन्द्रित प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ।

## परिच्छेद १०

## कृषि बजार प्रणाली व्यवस्थापन सम्बन्धी व्यवस्था

**३९. कृषि बजार र कृषि उपज संकलन केन्द्रको स्थापनाः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उत्पादन बिक्रीका लागि किसान र सरोकारवालासँगको परामर्शमा उपयुक्त स्थानहरुमा कृषि बजार वा कृषि उपज संकलन केन्द्रको स्थापना गरी आफै वा कृषक समूह तथा कृषि सहकारी संस्था, फर्म मार्फत सञ्चालन गर्न सक्नेछ।

(२) नगरपालिकामा दर्ता भएका कृषि सम्बन्धी सहकारी संस्था, कृषक समूह वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले कार्यपालिकाको अनुमति लिइ कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछन्।

(३) नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) थोकबजार

(ख) खुद्रा बजार

(ग) हाटबजार

(घ) कृषि सहकारी संस्था र किसान समूहको संयुक्त हाटबजार

(ङ) कृषि उपज सङ्कलन केन्द्र।

(४) उपदफा (१) बमोजिमका बजार सञ्चालन र व्यवस्थापन वापत लाग्ने सेवाशुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

(५) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रको सञ्चालनसम्बन्धी अन्य व्यवस्था कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

(६) किसानले उत्पादन गरेका कृषि उपज ढुवानी गर्नका लागि नगरपालिकाले निशुल्क वा सशुल्क कृषि एम्बुलेन्स सेवा आवश्यक मापदण्ड बनाई सञ्चालन गर्न सक्नेछ।

**४०. कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिः** (१) नगरपालिका क्षेत्रभित्र स्थापना भएका कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्रको व्यवस्थापन सञ्चालन र अनुगमनका लागि देहाय बमोजिमको कृषि बजार व्यवस्थापन तथा अनुगमन समिति गठन हुनेछः

| | |
|---|---|
| (क) प्रमुख | संयोजक |
| (ख) उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) पशु शाखा प्रमुख | सदस्य |

(ङ) उद्योग वाणिज्य संघ, पालुङ्टार ईकाई अध्यक्ष वा प्रतिनिधि सदस्य

(च) कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन गर्ने कृषि सहकारी वा किसान समूह वा व्यावसायिक संस्थाको प्रतिनिधिमध्ये दुई जना सदस्य

(छ) ईलाका प्रहरी कार्यालय, पालुङ्टार प्रमुख वा प्रतिनिधी सदस्य

(ज) सम्वन्धीत वडाका वडा अध्यक्ष सदस्य

(झ) कृषक सञ्जाल अध्यक्ष सदस्य

(ञ) पालुङटार नगरपालिकाको कृषि शाखा प्रमुख सदस्य सचिव

(२) समितिको बैठक र कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

४१. **गुणस्तर निर्धारण प्रणाली अवलम्बन गर्न सकिनेः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका किसानले गरेको कृषि उत्पादन प्राङ्गारिक खेती प्रणाली अवलम्बन गरी गुणस्तरीय रहेको छ भनी गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर प्रमाणीकरण गर्दा सहभागितामूलक विधि अवलम्बन गर्नु पर्नेछ।

(३) प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **कृषि व्यापारीको दर्ता व्यवस्थाः** कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र भित्र व्यापार गर्न इच्छुक कृषक तथा व्यपारीले आफ्नो उपजको दर्ता गर्नु पर्नेछ।

४३. **कृषि उपजको आयात निर्यातः** (१) कृषि तथा पशु शाखाले किसानहरुसँग जानकारी लिई नगरपालिका क्षेत्रभित्र उत्पादन भएका कृषि उपजको तथ्याङ्क र अभिलेख तयार गर्न सक्नेछ।

(२) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नगरपालिका क्षेत्रभित्र खपत नभई बचत हुन सक्ने कृषि उपजलाई अन्यत्र निकासीका लागि आवश्यक प्रवन्ध गर्न सक्नेछ।

४४. **पशुपन्छी सेवा सम्बन्धी व्यवसाय दर्ताः** (१) एग्रोभेट, दाना, चल्ला लगायतका पुशपक्षीं सेवा सम्बन्धी उद्योग, कम्पनी वा फर्मले आर्थिक ऐनद्वारा निर्धारित शुल्क तिरी नगरपालिकामा दर्ता गर्ने र वार्षिक रुपमा नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका उद्योग, कम्पनी वा फर्मको कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले अनुगमन गरी गुणस्तर सुधारका लागि आवश्यक निर्देशन दिनेछ र सम्बन्धित उद्यमी वा व्यवसायीले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ।

४५. **पशुपन्छी अस्पताल स्थापना गर्न सक्नेः** नगरपालिकाले किसानलाई पायक पर्ने स्थानमा आवश्यक ल्याव र प्रविधि सहितको पशुपन्छी अस्पताल स्थापना र सञ्चालन गर्न आवश्यक प्रवन्ध गर्न सक्नेछ।

४६. **पशु बधस्थलको व्यवस्थाः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पशु बधशाला तथा पशु बधस्थल स्थापना गर्न उपयुक्त स्थान पहिचान गरी आफैले वा वहालगिरीमा सञ्चालनमा ल्याउन सक्नेछ।

(२) कृषि तथा पशुपन्छी सम्बन्धी सहकारी वा व्यवसायिक संस्थाले नगरपालिकाको अनुमति लिई पशु बधशाला स्थापना गर्न सक्नेछ।

(३) नगरपालिकाकाले सहकारी संस्था वा व्यवसायिक संस्थासँग सार्वजनिक निजी साझेदारीमा पशु बधशाला वा पशु वधस्थल स्थापना गरी सञ्चालन गराउन सक्नेछ।

(४) नगरपालिकाले सम्बन्धित सरोकारवाला समेतको प्रतिनिधित्व र सहभागितामा पशु कल्याण, पशुजन्य रोग नियन्त्रण, पशु बधशाला तथा पशु बधस्थल सञ्चालन, पशुपन्छीको मासु र मासु पसल तथा फ्रेस हाउसले पालन गर्नुपर्ने मापदण्ड वा कार्यविधि तर्जुमा गरी लागु गर्न सक्नेछ।

(५) मृत्यु भएका पशु विसर्जनका लागि सम्बन्धित वडा कार्यालयले उपयुक्त स्थान तोक्न सक्नेछ र पशुधनीले उक्त तोकिएको स्थानमा नै मृत पशुहरु विसर्जन गर्नु पर्नेछ।

४७. **दुग्ध उत्पादनको प्रशोधन र बजारीकरणः** (१) नगरपालिकाका लागि दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि पशुपालक किसानलाई अनुदान तथा प्राविधिक सेवा लगायतका सहयोग उपलब्ध गराउन सकिनेछ।

(२) नगरपालिकाले पशुपालक किसानले उत्पादन गरेको दुधको प्रशोधन गरी मूल्य अभिवृद्धि गराउन दुध चिस्यान केन्द्र तथा दुधमा आधारित वस्तु उत्पादन सम्बन्धी उद्यम स्थापना र सञ्चालनका लागि सहयोग तथा सहजीकरण गर्न सक्नेछ।

(३) नगरपालिकाले पशु गोठ व्यवस्थापन, भकारो/गोठ सुधार, घाँस, दाना तथा अन्य आहार र पानी आपूर्तिका साथै पशुजन्य रोगको उपचार जस्ता विषयमा आवश्यक आर्थिक तथा मानवीय स्रोत सहितको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद ११

## कृषि पर्यावरण तथा कृषि जैविक विविधता संरक्षण सम्वन्धी व्यवस्था

४८. **सिंचाइका स्रोतहरुको संरक्षणः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्राकृतिक रुपमा रहेका जलाधार, सिमसार, पानीको मुहान, पोखरी, नदीनाला,परम्परागत कूलो बाँध आदिको संरक्षण, मर्मत सम्भार र जिर्णोद्धार गरी सिंचाइका लागि सञ्चालनमा ल्याउनु पर्नेछ।

४९. **माटो परीक्षणको व्यबस्थाः** (१) नगरपालिका भित्र कृषि कार्यक्रम सञ्चालन गर्नका लागि तथा तुलनात्मक लाभका कृषि वस्तु उत्पादनका लागि कृषि पकेट क्षेत्र छुटयाउनु भन्दा पहिले माटो परीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले आफैले, सरकारी प्रयोगशाला वा सेवा प्रदायक संस्थाका प्रयोगशालाको उपयोग गर्न र किसानको खेतबारीमा नै माटो परीक्षण गर्न गराउनका लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(३) नगरपालिकाले माटो परिक्षणका रिपोर्टको आधारमा माटो सुधारका लागि आवश्यक कार्यक्रम लागु गर्न सक्नेछ।

५०. **कृषि जैविक विविधता र वातावरण संरक्षणः** (१) नगरपालिकाले कृषि क्षेत्रमा जलवायु अनुकूलन तथा उत्थानशिलताका लागि उपयुक्त प्रविधि र पर्यावरण र जलवायुमैत्री दिगो कृषि प्रणालीको विकास गर्न प्राथमिकता दिनु पर्नेछ।

(२) कृषि जैविक विविधतालाई मध्यनजर गर्दै एकीकृत र मिश्रित खेती प्रणालीमा जोड दिंदै कृषि उत्पादनका लागि स्थानीय विशेषताका आधारमा स्थानीय स्रोत परिचालन गर्नु पर्नेछ।

(३) नगरपालिकाले कृषि क्षेत्रलाई प्रकोपबाट सुरक्षित राख्नका लागि स्थानीय अनुकूलन योजना र विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

(४) नगरपालिकाले जलवायुजन्य जोखिम बहन गर्नसक्ने र प्राकृतिक पहिचान भएका वाली र बोटविरुवा, वनस्पति तथा बीउ बीजनको अनुवंश, जीवको पहिचान र संरक्षणका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ।

(५) किसान तथा व्यवसायीले कृषिजन्य कार्यहरु गर्दा वातावरणमा प्रतिकूल असर पर्ने कार्यहरु गर्न पाइने छैन र कृषि भूमिको प्राकृतिक स्वरुपमा परिवर्तन भएमा सम्भव भएसम्म कृषि जमिनलाई पहिलाकै अवस्थामा ल्याउने व्यवस्था मिलाउनु पर्नेछ।

**५१. कृषि पर्यटनः** (१) नगरपालिकाले किसानलाई कृषि पर्यटन प्रवर्द्धन हुने गरी प्राकृतिक रुपमा कृषि कार्य सञ्चालन गर्न प्रोत्साहन गर्नेछ।

(२) कृषि तथा पशुपालन सम्बन्धी स्रोत केन्द्रहरुको विकास गर्दा पर्यटनलाई समेत प्रवर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ।

(३) नगरपालिकाले कृषि पर्यटन प्रवर्द्धन गर्न आफ्नो क्षेत्रभित्र नमुना कृषि पर्यटन क्षेत्र घोषणा गर्न सक्नेछ।

(४) किसान समूह तथा रैथाने किसानहरुले सामूहिक रुपमा विकास गर्दै आएका कृषिजन्य भू-दृष्यहरुमा आधारित कृषि पर्यटनको प्रवर्द्धनका लागि त्यस्ता समूहलाई नगरपालिकाले आवश्यक सहयोग गर्न सकिनेछ।

**५२. कृषि वन प्रणालीको विकासः** (१) नगरपालिकाले किसानलाई पर्यावरण, जलवायु र जैविक विविधता अनुकूल हुनेगरी कृषि वन प्रणालीको विकास गर्न अनुदान लगायतका उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) कृषि वनबाट उत्पादित वन पैदावारमध्ये वनसम्बन्धी प्रचलित कानून बमोजिम कृषिवस्तु सरह सूचीकृत भएका पैदावारलाई कृषि वस्तु सरह मानी ओसार पसार विक्री वितरण गर्न पाइनेछ।

(३) नगरपालिकाले कृषि वनको विकासका लागि विभिन्न स्थानमा नर्सरी स्थापना गर्न कृषक समूहलाई आवश्यक अनुदान उपलब्ध गराउन सक्नेछ।

(४) नगरपालिकाले पशु आहारको दिगो आपूर्तिका लागि भुई तथा डाले घाँस उत्पादनका लागि कृषि वन प्रवर्द्धन गर्न आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

**५३. चरीचरण क्षेत्रको निर्धारण र सामुदायिक पशु व्यवस्थापनः** (१) पशुपन्छीको विकास र जैविक खेती प्रवर्द्धनका लागि उपलब्ध भएसम्मका सार्वजनिक जग्गा, बाँझो जमिन र खर्क जग्गालाई पशु चरीचरणका लागि उपयोगमा ल्याउनका लागि नगरपालिकाले आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका छाडा गाईवस्तुको नियन्त्रण र व्यवस्थापनका लागि सम्बन्धित पशुपालक किसानको सहयोग र समन्वयमा गौशाला तथा कान्जी हाउसको व्यवस्था गरी छाडा गाईवस्तुको नियन्त्रण गर्न सक्नेछ।

(३) कसैले आफ्नो गाईवस्तु छाडा छोडेका कारण कसैको सम्पत्ति वा कुनै वस्तु हानी नोक्सानी भएमा गाईवस्तु छाडा छोड्ने व्यक्तिले सो वापत तिर्नुपर्ने क्षतिपूर्ति रकम र सो सम्बन्धी प्रकृया प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सामूदायिक कुकुरको संख्या व्यवस्थापनको लागि बन्ध्याकरण लगायतका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

**५४. हानीकारक वन्यजन्तुको व्यवस्थापनः** (१) नगरपालिकाले वनमा पानी पोखरी निर्माण, वन क्षेत्रमा वन्यजन्तुमैत्री फलफूलका रुख विरुवाको संरक्षण र व्यवस्थापन, वन डढेलो नियन्त्रण जस्ता कार्यक्रम गरी वन्यजन्तुलाई वनमा नै बस्ने वातावरण सृजना गर्नेछ।

(२) वन्यजन्तुबाट हुने कृषि बाली तथा पशुधनको क्षति वापत क्षतिपूर्ति नगर विपद् व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गरी उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद १२

## कृषि सम्बन्धी गुनासो व्यवस्थापन

**५७. कृषि सम्बन्धी गुनासो व्यवस्थापनः** (१) यस ऐनको कार्यान्वयनका सम्बन्धमा कुनै गुनासो उत्पन्न भएमा सुनुवाई गर्न नगरपालिकाले गुनासो सुन्ने अधिकारी नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिमको गुनासो सुन्ने अधिकारीले सम्बन्धित व्यक्ति वा किसान समूहले दिएको गुनासो दर्ता गरी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको गुनासो सुनुवाई गर्नका लागि देहाय बमोजिमको एक गुनासो व्यवस्थापन समिति गठन हुनेछः

| | |
|---|---|
| (क) प्रमुख | संयोजक |
| (ख) उपप्रमुख | सदस्य |
| (ग) आर्थिक विकास समिति संयोजक | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) गुनासो सुन्ने अधिकारी | सदस्य सचिव |

(४) उपदफा (३) बमोजिम गठित गुनासो सुनवाई समितिले कृषि सम्बन्धी गुनासो सुनि मेलमिलाप वा अन्य उपयुक्त माध्यमबाट गुनासो व्यवस्थापन गर्नु पर्नेछ।

**५५. ऐन कार्यान्वयनको जिम्मेवारीः** (१) यस ऐनको कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिका, वडा कार्यालय, विभिन्न समिति, किसान, कृषक समूह, कृषि सहकारी, कृषि व्यवसायी, सेवा प्रदायक, कृषि सरोकारवाला तथा सम्बन्धित सबै प्रतिनिधि र कर्मचारीको हुनेछ।

(२) यस ऐनमा भएका व्यवस्थाको पालना गर्नु सबै सरोकारवालाको कर्तव्य हुनेछ र कसैले पनि ऐन विपरीत कार्य गर्न पाईनेछैन।

(३) ऐन कार्यान्वयनको सन्दर्भमा सञ्चालन गरिने कार्यक्रमको नियमित अनुगमन गर्न नगरपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद १२
## विविध

**५६. अन्तर निकाय समन्वयः** (१) नगरपालिकामा सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रमबीच दोहोरोपना हुन नदिन र एक आपसमा समन्वय गरी कार्यक्रम सञ्चालन गर्न योजना तर्जुमा प्रक्रयाका सबै चरणमा सबै निकाय र सरोकारवालाबीच समन्वय र सहकार्य सहित योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

(२) नेपाल सरकार र प्रदेश सरकारबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रममा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ।

**५७. वाह्य सहयोग लिन सक्नेः** (१) नेपाल सरकारको अनुमति लिई नगरपालिकाले आफ्नो क्षेत्रमा कृषि विकासको लागि वैदेशिक सहयोग परिचालन गर्न सक्नेछ।

(२) नगरपालिकाले किसानलाई कृषि तथा पशुपन्छी सम्बन्धी आपतकालिन सहयोग तथा उद्धार कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार र सरोकारवाला संघ संस्थासँग समेत समन्वय गरी स्रोत साधन र प्रविधि सहित आवश्यक सहयोग गर्न सक्नेछ।

(३) माथि जुनसुकै कुरा लेखिएको भय पनि यस नगरपालिका भित्र कृषि तथा पशुपन्छी क्षेत्रमा कार्य गर्न इच्छुक निकाय, सङ्घ संस्था र निजि क्षेत्रले नगरपालिकासँग अनिबार्य रुपमा समन्वय गर्नु पर्नेछ।

**५८. कृषि वा किसान पुरस्कारः** (१) नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका पौरखी किसान र कृषि विकासमा उल्लेखनीय योगदान गर्ने विभिन्न व्यक्ति, कर्मचारी तथा सङ्घ संस्थालाई पारदर्शी र निष्पक्ष मूल्याङ्कनका आधारमा प्रत्येक वर्ष कार्यपालिकाले निर्धारण गरे बमोजिम किसान सम्मान पुरस्कार प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पुरस्कारका लागि सिफारिस गर्न कार्यपालिकाले एक सिफारिस समिति गठन गर्नेछ र उक्त समितिले मूल्याङ्कनका मापदण्ड बनाई सोही आधारमा सिफारिस गर्नु पर्नेछ।

**५९. शहरी कृषिको प्रवर्द्धनः** (१) नगरपालिकाले शहरी तथा अर्धशहरी क्षेत्रमा घडेरीका रुपमा रहेका बाझो वा खाली जग्गालाई बाझो नराखी कृषि उत्पादनका लागि सदुपयोग गर्न आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको योजना अनुसार वा विशेष कार्यक्रम तर्जुमा गरी शहरी क्षेत्रमा रहेका कृषि मजदुर तथा बेरोजगार र विपन्न परिवार वा व्यक्तिलाई शहरी तथा अर्धशहरी क्षेत्रमा घडेरीका रुपमा रहेका बाँझो वा खाली जग्गामा कृषि कार्य गर्नका लागि नगरपालिकाले आवश्यक अनुदान, वस्तु र सेवा उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको योजनामा कौशी खेती, करेसा वारी, पोषण बगैंचा, घर बगैंचा, फलफूलखेती आदि कार्यका लागि नगद अनुदान, बीउ बीजन र सामग्री अनुदान तथा तालिम जस्ता प्रोत्साहनमूलक कार्यक्रम समावेश गर्न सकिनेछ।

**६०. दण्ड सजायः** (१) देहाय बमोजिमका र यस्तै प्रकृतिका कसुरको अनुसन्धान तथा तहकीकात, मुद्दा दर्ता र दण्ड सजाय सम्बन्धी व्यवस्था उपभोक्ता संरक्षण, वातावरण संरक्षण र बीउ बीजन लगायतका प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछः

(क) कृषिका लागि उपयोग हुने माटो तथा पानी प्रदुषण गर्ने,

(ख) उमारशक्ति नभएका, फल दिन नसक्ने किसिमका, सूचिकृत नभएका र लेबल नभएका बीउ बीजन बिक्री वितरण गरी किसानलाई हानी नोक्सानी पुर्याउने,

(ग) प्रतिबन्धित किटनाशक विषादी बिक्री वितरण गर्ने,

(घ) किसानलाई आपूर्ति गर्नुपर्ने मलखाद तथा बीउ बीजन र दाना लगायतका वस्तुको आपूर्तिमा कृत्रिम अभाव खडा गरी कालो बजारी गर्ने,

(ङ) कृषि, पशुपन्छी तथा मत्स्य जन्य उत्पादनमा मिसावट गरी गुणस्तर ह्रास गर्ने,

(च) गुणस्तरहीन कृषि सामग्री आपूर्ति गर्ने।

(२) नगरपालिकाबाट प्राप्त अनुदान दुरुपयोग गरेका लाभग्राहीलाई नगरपालिकाबाट प्रवाह हुने सेवा सुविधा रोक्का गर्ने वा रोक्काका लागी अन्य निकायलाई सिफारिस गर्ने र सो अनुदान बराबरको रकम असुलउपर गर्नेछ।

**६१. नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः** यस ऐनमा गरिएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

**६२. खारेजी र बचाउः** (१) कृषि व्यवसाय प्रवर्धन ऐन, २०७५ लाई खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लेखित ऐन अनुसार भए गरेका कामकारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**६३. बाझिएमा स्वतः निष्कृय हुनेः** यो ऐन वा यस ऐनमा गरिएका व्यवस्था सङ्घीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थासँग बाझिन गएको अवस्थामा बाझिएको हदसम्म यो ऐनमा रहेका व्यवस्था स्वतः निष्कृय वा खारेज भएको मानिनेछ।

आज्ञाले,
शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत